## बैठक नं. ४५

आज मिति २०८१ साल पौष १९ गते शुक्रबार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री कृष्णमान डंगोलज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्णमान डंगोल | |
| २ | उप प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री इच्छा कुमार महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ४ | श्री राजेन्द्र बाँनिया | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह वस्नेत ( पृथ्वी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | कार्यपालिका सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |



CamScanner

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सचिव | श्री माधब प्रसाद ढकाल | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौं | श्री जनक थापा | |
| ३ | वरिष्ठ लेखा अधिकृत सातौं | श्री नरेन्द्र महर्जन | |
| ४ | अधिकृत छैठौं | श्री अकिल अमात्य | |
| ५ | उप प्रमुख सचिवालय | श्री केशब महर्जन | |
| ६ | नक्सा शाखा प्रमुख | श्री सुरज ओझा | |

<u>प्रस्तावहरु</u>

१) नगर सभा सम्बन्धमा।

२) LISA र FRA को प्रारम्भिक नतिजा सम्बन्धमा।

३) विविध



CamScanner

**निर्णय नं . १**

यस नगरपालिकाको छैठौ नगरसभा मिति २०८१ साल पौष २६ गते शुक्रबार विहान ११:०० बजे देखि ८ नं. वडा स्थित पाँङ्गा पाटी भेन्यूमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं . २**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को आ.व. २०८०/२०८१ को बैठकमा पेश हुन आएको ८१.२५ र स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) को प्राप्त ८५.५ प्रारम्भिक नतिजा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं . ३**

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/ फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | फर्म /कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | पृथक निर्माण सेवा एण्ड सप्लायर्स (प्रा.लि.) | श्री गोबिन्द बि.क. | ७ | कीर्तिपुर, | |
| २ | निङवा. कन्स्ट्रक्सन. प्रा.लि. | श्री किरण लिवाङ लुमखिम्वा | २ | टयाङ्लाखफाँट कीर्तिपुर, | |
| ३ | निकोल कन्स्ट्रक्सन एण्ड. सप्लायर्स प्रा.लि. | श्री राज गुरुङ्ग | ६ | कीर्तिपुर, | |
| ४ | रिद्दिसिद्दि कन्स्ट्रक्सन. कम्पनी प्रा.लि. | श्री भिष्मलाल श्रेष्ठ | ६ | कीर्तिपुर, | |
| ५ | निसुब बिल्डर्स प्रा.लि. | श्री सुवास गुरुङ्ग | ५ | कीर्तिपुर, | |
| ६ | माउन्टेन हिल्स बिल्डर्स प्रा.लि. | श्री राहुल थापामगर | ७ | कीर्तिपुर | |
| ७ | तुलसी एण्ड राज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | श्री राज कुमार चौलागाई | १ | कीर्तिपुर | |

**निर्णय नं. ४**

योजना तथा कार्यक्रम अनुगमन समितबाट बैठकमा पेश हुन आएको चालु आ.व. २०८१/८२ को श्रावण महिना देखि हाल सम्मको सम्पन्न भएका ५४ (चौवन्न) वटा योजनाहरूको अनुगमन प्रतिवेदन छलफल भइ अनुमोदन गरियो ।



CamScanner

निर्णय नं. ५

कीर्तिपुर नगरपालिकाको पाँचौ नगरसभाबाट स्वीकृत बजेट योजना तथा कार्यक्रम, आर्थिक ऐनले तोकेका राजश्व दररेटहरू संशोधन/हेरफेर/थपघट/रकमान्तरका लागि आगामी छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं . ६

२०८१ सालको २७ औ राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०८१ माघ २ गते कीर्तिपुर नगरपालिकाले आयोजना गरी सभ्य र भव्य रुपले सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं . ७

यस नगरपालिका वडा नं. १ लायकुमा अवस्थित १ नं. वडा कार्यालयको निर्माणाधिन प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गर्ने सम्बन्धमा जिल्ला समन्वय समिति काठमाडौंबाट हालसम्म रकम प्राप्त हुन नसकेको, नगरपालिकाले व्यहोर्नु पर्ने अंश वापतको रकम हालसम्म भुक्तानी लिई सकेको, निर्माण व्यवसायीले तेस्रो रनिङ बील पेस गरी भुक्तानी लिइसकेको र पुनः चौथो रनिङ बील भुक्तानीका लागि पेश हुन आएको सन्दर्भमा वैठकमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) जिल्ला समन्वय समिति काठमाडौंबाट रकम प्राप्त भएपछि सोधभर्ना गर्ने गरी चौथो रनिङ बील वापतको रकम भुक्तानी दिनका लागि बजेटको आवश्यक व्यबस्था गर्ने अख्तियारी नगर प्रमुखलाई दिने ।

ख) जिल्ला समन्वय समिति काठमाडौंबाट प्राप्त गर्नु पर्ने बजेट प्राप्तिका लागि आवश्यक पहल गर्ने ।

निर्णय नं. ८

कीर्तिपुर नगरपालिका भित्रका गैर नाफा मुलक स्थानीय संघ/संस्था दाफा खल, धिमे खल, आमा समूह, महिला संजाल, पुचः, खलः, उपभोक्ता समिति, क्लब, टोल विकास संस्था, परम्परागत गुठी लगायतका संघ/संस्थालाई दर्ता/नविकरण गर्दा बहाल कर नलिने निर्णय स्वीकृतार्थ आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

कीर्तिपुर नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८१ बमोजिम प्रकाशित बोलपत्र अनुसार एक आर्थिक वर्षका लागि १५,११,०००।- कबोल गरी ठेक्का स्वीकृत भएको तर प्रकृया पुरा गर्ने क्रममा हाल सम्म पनि सम्झौता भई नसकेको हुँदा कबोल अङ्कलाई आधार मानि आर्थिक वर्षको बाँकी समय दामाशाहीले हिसाब गरी हुन आउने रकम दाखिला गर्ने गरी ठेक्का स्वीकृति पाएको पक्षलाई कार्यदिश दिने निर्णय गरियो ।

## निर्णय नं. १०

कीर्तिपुर नगरपालिकामा रहेका भवन संरचनाको अभिलेखिकरण गर्ने सम्बन्धमा निम्नानुसारको निर्णय गरियो ।

क) यस नगरपालिकाको २०७९/०९/२८ गतेको दोस्रो नगरसभाको निर्णय नं. २ अनुसार भवन अभिलेखीकरणको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित भई कार्यान्वयन समेत भईसकेकोमा हाल सम्म पनि उक्त कार्य पुर्ण भईनसकेको र अभिलेखीकरणका लागि व्यापक जनगुनासो कायम नै रहेकोले सो लाई सम्बोधन गर्न पुनः एक पटक म्याद थप गरी ३५ दिने सार्वजनिक सुचना प्रकाशन निर्णय गरियो ।

ख) उक्त निर्णय न. २ को ख मा उल्लेख भएको राजश्वको स्पष्टता सम्बन्धमाः एउटै घर नगरपालिका गठन पुर्व र नगरपालिका गठन पश्चात तल्ला थप भई निर्माण भएमा सो को राजश्व वडा कार्यालयको सिफारिसमा नगरपालिका गठन पुर्व बनेको घरको क्षेत्रफल यकिन गरी सो को प्रति वर्ग फिट रु ५ र सो पश्चात बनेको घरको क्षेत्रफलको प्रचलित दरमा राजश्व (पहिला नक्सा पास गरेकालाई पहिलाको क्षेत्रफल बराबर राजश्व घटाई) र राजश्वको दोब्बर जरिवाना लिनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं.११

यस नगरपालिकामा नक्सा बनाउने प्रयोजनार्थ Nepal Engineering Council मा दर्ता भएका Engineer/Architect हरुले विद्युतीय हस्ताक्षरको प्रयोग गरी यस नगरपालिकामा नियमानुसार सूचिकृत भई तपशिल बमोजिमको दस्तुर बुझाई नक्सा दर्ता गर्ने र सो को लागि छुट्टै व्यवसाय दर्ता गर्न नपर्ने गरी तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशील:**

- E-bps License: रु २०००।- (वार्षिक रुपमा नविकरण गर्नु पर्ने) ।
- प्रत्येक नक्सा दर्ता गर्दा र संसोधन नक्सा पेश गर्दाः रु २०००।- शुल्क नगरपालिकालामा बुझाउनु पर्नेछ ।